# स्थानीय सरकार,शैलुङ गाउँपालिकाको कार्यपालिकाको निर्णय सार्वजनिक प्रयोजन

## २०८१ साल असोज १९ गतेको गाउँ कार्यपालिका निर्णयहरू

१. शैलुङ गाँउपालिका र मातहतका ८ वटै वडा कार्यालयबाट भए गरेका विभिन्न क्रियाकलाप तथा कार्यहरुको बारेमा विषयगत रुपमा छलफल तथा समिक्षा गर्ने

२. शैलुङ गाँउपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा विनियोजन भएका कृषि विकास सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनको लागि कृषि कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ माथि छलफल गर्ने

३. शैलुङ गाँउपालिका क्षेत्रका नागरिकहरुलाई विपद्जन्य अवस्थामा परी धन जनको क्षती हुँदा,दुर्घटनामा परी अंगभंग हुँदा तथा गम्भिर प्रकृतिको रोग लागि उपचार खर्च अभाव भएको अवस्थामा कमजोर आर्थिक अवस्था भएका नागरिकहरुको ज्यू धनको रक्षा र प्रारम्भिक राहतको लागि आर्थिक सहायता उपलब्ध गराउन आवश्यक रहेकाले यसरी आर्थिक सहायता गर्नको लागि आवश्यक आर्थिक सहायता संञ्चालन सम्बन्धी कार्यविधि, २०८१ माथि छलफल पश्चात पारित गर्ने

४. संघीय सरकार अन्तर्गत संस्कृती, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयबाट पर्यटन पूर्वाधार कार्यक्रमको लागि शसर्त अनुदान शिर्षकमा प्राप्त ९० लाख रकमबाट शैलुङ गाँउपालिका वडा नं. ८ मा पर्ने कालापानी, मिनि ग्रेटवाल तथा शैलुङ क्षेत्रमा पर्यटनको विकास तथा आवश्यक पूर्वाधारको लागि ठेक्का प्रकृया मार्फत अगाडी बढाउने

५. "शैलुङ गाउँपालिका अन्तर माध्यमिक विद्यालय स्तरीय छैठौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता" शैलुङ गाउँपालिकाको आयोजनामा प्रस्तावित शैलुङ रङ्गशालामा गाउँपालिकाको क्यालेण्डर अनुसार २०८१ कार्तिक ९ गते देखि कार्तिक १२ गते सम्म ५ औं शैलुङ गाउँपालिका राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा रहेका विधाहरु मात्र समावेश गरेर सञ्चालन गर्ने , रनिङ शिल्ड प्रतियोगितामा सहभगी हुने विद्यालयहरुलाई सहभागी हुदा आवश्यक पर्ने खर्च( खेलाडी तथा प्रशिक्षक खाना , बस्न , यातयात, खेलकुद सामाग्री ) व्यवस्थापन गर्नका लागी " खेलकुद कार्यक्रम(राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन , अध्यक्ष कप लगायत अन्य)" शिर्षकबाट प्रति विद्यालय तपसिल बमोजिम विद्यालयले नै अन्तिम लेखा परीक्षण गर्ने गरी अनुदान उपलब्ध गराउने साथै १० औं जिल्ला स्तरिय राष्ट्पति रनिङ शिल्ड प्रतियोगितामा प्रथम भएको खेलाडीलाई रु. ५,०००।–( पाँच हजार मात्र) , द्वितिय भएको खेलाडीलाई रु. ३,०००।–( तीन हजार मात्र) र तृतीय भएको खेलाडीलाई रु २,०००।– ( रु दुई हजार ) पुरस्कार प्रदान गर्ने

| क्र.स. | विद्यालयको नाम | सहभागी खर्च | यातयात खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | कल्लाबारी माध्यमिक विद्यालय , शैलुङ-१ | ६०,०००।- | २५,०००।- | ८५,०००।- |
| २ | नविन माध्यमिक विद्यालय , शैलुङ-२ | ६०,०००।- | २५,०००।- | ८५,०००।- |
| ३ | कालीभुमे माध्यमिक विद्यालय , शैलुङ-३ | ६०,०००।- | १०,०००।- | ७०,०००।- |
| ४ | दुर्गा माध्यमिक विद्यालय , शैलुङ-४ | ६०,०००।- | १०,०००।- | ७०,०००।- |
| ५ | मागापौवा माध्यमिक विद्यालय , शैलुङ-४ | ६०,०००।- | १५,०००।- | ७५,०००।- |
| ६ | विरेन्द्र माध्यमिक विद्यालय , शैलुङ-५ | ६०,०००।- | १५,०००।- | ७५,०००।- |
| ७ | कालिका माध्यमिक विद्यालय , शैलुङ-७ | ६०,०००।- | २०,०००।- | ८०,०००।- |
| ८ | साँगुते माध्यमिक विद्यालय , शैलुङ-७ | ६०,०००।- | २५,०००।- | ८५,०००।- |
| ९ | शारदा माध्यमिक विद्यालय , शैलुङ-८ | ६०,०००।- | २५,०००।- | ८५,०००।- |
| | जम्मा | ५,४०,०००।- | १,७०,०००।- | ७,१०,०००।- |

६. चीनको स्वशासित क्षेत्र सिजाङ (तिब्बत) को सहयोगमा कार्यान्वयन हुने **Project Aid to Nepal** कार्यक्रम अन्तर्गत जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएका जिल्लाहरुको स्थानीय तहहरुले संविधान र प्रचलित कानूनले प्रदान गरेको अधिकारक्षेत्रको अधिनमा रही **Project Aid Nepal** अन्तर्गत पेश गर्न सकिने विभिन्न विषयक्षेत्रका योजनाहरू तोकिएको मापदण्डको आधारमा छनौट गरी कार्यपालिकाको निर्णयसहित सिफारिस गर्न आवश्यक रहेकाले आगामि कार्यपालिका बैठकबाट छनौटको लागि प्रस्ताव पेश गर्न वडा कार्यालय र विषयगत शाखालाई जिम्मेवारी दिने

७. २०८१ आश्विन १०, ११ र १२ गते देशभर भएको वर्षातको कारण गएको बाढी पहिरोबाट यस गाँउपालिका क्षेत्रका सबै वडाहरुमा धनजनको अपुरणिय क्षती भएकाले उक्त क्षतिबाट पुनर्स्थापित गराउन र तत्कालिन राहत उपलब्ध गराउने देहाय बमोजिम क्षतिपूर्ती तथा राहत उपलब्ध गराउने

| क्र.सं. | क्षतिको विवरण | राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | पूर्ण घर क्षति(खाद्यन्न, लत्ता कपडा) | नगद रु.१० हजार | |
| २ | अस्थायी आवास | नगद रु.२० हजार | |

८. पहिरोबाट अवरुध्द भएको ८ वटै वडाका सडकहरु सुचारु गर्नको लागि प्राविधिक इष्टिमेट बमोजिम वडाले विनियोजन गरेको सडक मर्मत तथा सरसफाई शिर्षकबाट गर्ने र वडाबाट विनियोजित शिर्षकबाट रकम अपुग भएमा गाँउपालिकाको विपद् तथा आकस्मिक कोष व्यबस्थापन खर्च शिर्षक नं. २७११२ तथा गाँउपालिकाको सडक मर्मत तथा सरसफाई शिर्षक नं. ३३१५१ बाट गर्ने र उक्त कार्य तत्कालै गर्नुपर्ने भएकाले वडा स्तरिय मर्मत उपभोक्ता समितिबाट गर्ने

| क्र.सं. | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ क्षेत्रको पहिरो हटाउन | १ लाख | |
| २ | वडा नं. २ क्षेत्रको पहिरो हटाउन | १ लाख | |
| ३ | वडा नं. ३ क्षेत्रको पहिरो हटाउन | १ लाख | |
| ४ | वडा नं. ४ क्षेत्रको पहिरो हटाउन | १ लाख | |
| ५ | वडा नं. ५ क्षेत्रको पहिरो हटाउन | १ लाख | |
| ६ | वडा नं. ६ क्षेत्रको पहिरो हटाउन | १ लाख | |
| ७ | वडा नं. ७ क्षेत्रको पहिरो हटाउन | १ लाख | |
| ८ | वडा नं. ८ क्षेत्रको पहिरो हटाउन | १ लाख | |
| | जम्मा | १२ लाख | |

९. पहिरोबाट विग्रिएको तथा भत्किएको सडक, भौतिक संरचना तथा घरहरुको संरक्षणको लागि आवश्यक पर्ने तारजाली खरिदको लागि विपद् तथा आकस्मिक कोष व्यबस्थापन खर्च शिर्षक नं. २७११२ बाट रु ५ लाख बराबरको जाली खरिद गर्ने साथै पहिरोको तत्कालिन नियन्त्रणको लागि आवश्यक पर्ने पाल तथा प्लाष्टिकहरु विपद् तथा आकस्मिक कोष व्यबस्थापन शिर्षकबाट खरिद गर्ने